# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७७।१०।२९)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क. र यस गाउँपालिकाको आर्थिक ऐन, २०७७ को दफा ५ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्नय पदार्थ उत्खनन् गरी भूमे गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि.नं. | सूचना नं./ बोलपत्र नं | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मूअक बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | BRM/ NCB/I-06 /2077-78 | वाबाङखोलादेखि बालुवासम्म ढुङ्गा गिट्टी बालुवा संकलन तथा बिक्री वितरण | १,००,०००।- | कबोल अङ्कको ५ प्रतिशत | रु. १०००।- |

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा **सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड भूमे शाखा** मा रहेको यस कार्यालयको नाममा रहेको खाता GA 1.1 BHUME GA.PA. AANTARIK RAJASWA KHATA खाता नं. 0780100000001202 मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नाममा रहेको बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्रसम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा रहेको खाता GA 2.1 BHUME GA.PA. DHARAUTI KHATA खाता नं. 0780100000030201 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरु उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको ३ बजे कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र मूअ कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको प्रथम किस्ताबापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०७७ साल आषाढ मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस गाउँपालिकाको नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून, यस गाउपालिकाबाट जारी भएका कानून तथा प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

८. विस्तृत जानकारीका लागि यस कार्यालयको वेबसाइट www.bhumemun.gov.np लग अन गर्न वा फोन नं. ९८२४५९३४५६ वा ९८१३८५७८०४ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत